पुतलीबजार नगरपालिका
**(PUTALIBAZAR MUNICIPALITY)**
नगर कार्यपालिकाको कार्यालय
**(OFFICE OF THE MUNICIPAL EXECUTIVE)**
प्रगतिनगर,स्याङ्जा **(Pragatinagar Syangja)**
गण्डकी प्रदेश,नेपाल

## आयठेक्का बन्दोवस्तको दरभाउपत्र माग सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०३/१२**

यस नगरपालिकाले आगामी आ.व. २०८२/८३ को लागि देहायका शिर्षकहरुमा बढाबढका माध्यमबाट कर, सेवा शुल्क, दस्तुर संकलनको ठेक्का बन्दोवस्त गर्ने प्रयोजनका लागि देहायका शर्तहरु पालना गर्नुपर्ने गरी ईच्छुक व्यक्ति वा फर्महरुको लागि १५ (पन्ध्र) दिने रीतपुर्वकको शिलवन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशन गरिएको व्यहोरा सम्वन्धित सबैको लागि अनुरोध छ ।

| ठेक्का नं. | ठेक्का शीर्षक | क्षेत्र | न्यूनतम ठेक्का रकम (मु.अ.कर बाहेक) |
|---|---|---|---|
| १-२०८२/८३ | चण्डीकालिका पुजा भेटी | चण्डीकालिका मन्दिर पु.ब.न.प.पा.-१४ | २,२०,०००।- |
| २-२०८२/८३ | भालु पहाड घुम्ति पार्क प्रवेश | भालु पहाड घुम्ति पार्क पु.ब.न.पा.-४ | ३,००,०००।- |
| ३-२०८२/८३ | कवाडी कर | छाला,हाड,खर,सिङ,प्लाष्टिक,फलाम र अन्य कवाडीजन्य वस्तु | ७,००,०००।- |
| ४-२०८२/८३ | विज्ञापन कर | पुतलीबजार नगरपालिका क्षेत्र भित्र | ५,१२,४३५।- |
| ५-२०८२/८३ | सिटीहलले चर्चेको बाहेकको खाली जग्गामा पार्किङ शुल्क | सिटीहल, स्याङ्जा | १,७२,०००।- |
| ६-२०८२/८३ | कभर्ड हल (खेल्ने हल) | कभर्ड हल,स्याङ्जाको खेल्ने हल | ५८,४००।- |
| ७-२०८२/८३ | कभर्ड हल (बाहिरको ५ वटा सटर) | कभर्ड हल,स्याङ्जाको बाहिर सटर | ७९,६५०।- |

शर्तहरु :-

१. दरभाउपत्रदाताले नागरिकताको प्रतिलिपि, स्थायी लेखा नं. को परिचयपत्र, सहित निवेदन दिई तोकिएको दस्तुर तिरी १५ (पन्ध्र) दिन सम्ममा कार्यालय समय भित्र यस कार्यालयबाट रु.१००० (एक हजार) को दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।कवाडी कर,विज्ञापन करका दरभाउपत्र दाताले मुल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रतिलिपी समेत पेश गर्नुपर्ने छ ।

२. दरभाउपत्र साथ आफुले कबोल गरेको जम्मा रकमको ५% (प्रतिशत) हुन आउने जमानत रकम यस कार्यालयको नेपाल बैंक लि. मा रहेको खाता नं ०७२०३०००००३०००००००१ को धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ ।

३. दरभाउपत्र १६ औ दिन मध्यान्न १२ बजे भित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ। दरभाउपत्र दाखिला गर्दा शिलवन्दी गरी कार्यालयको नाम, ठेक्का नं. र कामको नाम तथा दरभाउपत्रदाताको नाम, ठेगाना स्पष्ट रुपमा खाम बाहिर उल्लेख गर्नुपर्नेछ।दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजानिक विदा परेमा उक्त कार्य तत्पश्चात कार्यालय खुलेको दिनमा हुनेछ ।

४. पेश हुन आएका दरभाउपत्र १६ औ दिन अपरान्ह २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघि आएको, कार्यालयबाट विक्री नभएको दरभाउपत्र फाराम भरी आएको, दरभाउपत्रदाताको हस्ताक्षर एंव सहिछाप नभएको, प्रचलित कानूनको रित नपूगेको र शर्त राखि पेश भएको दरभाउपत्र

उपर कुनै कारबाही हुने छैन । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५. दरभाउपत्रमा आफुले कवोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

६. दरभाउपत्र स्वीकृत भएका दरभाउपत्रदाताले दरभाउपत्र स्वीकृत भएको सूचना प्राप्त भएको मितिले बाटोको म्याद बाहेक ७ दिन (सात) भित्र आफुले कवोल गरेको रकम VAT बाहेक यस कार्यालयको नेपाल बैंक लि. स्याङ्जामा रहेको खाता नं. 07203000001001000001 को आन्तरिक राजश्व खातामा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नपर्नेछ । कवोल रकममा लाग्ने VAT रकम र अग्रिम आय कर वापतको रकम संघिय सरकारको राजस्व खातामा दाखिला गरी सम्भौताको बखतमा पेश गर्नुपर्नेछ । धरौटी वापत जम्मा भएको रकमलाई किस्तामा मिलाउन पाईने छैन । म्याद भित्र सम्झौता गर्न नआएमा कानून बमोजिम आवश्यक कारबाही गरी अर्को दरभाउपत्रदातालाई ठेक्का दिईनेछ ।

७. दरभाउपत्रदाताले नगरपालिकाले तोकेको कर/ शूल्क संकलन गर्न प्रयोग गर्ने रसिद आफ्नै तर्फबाट छपाई सो रसिद यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । उक्त रसिदमा स्थायी लेखा नं. उल्लेख गर्नुपर्नेछ । साथै दररेट समेत रसिदमा नै उल्लेख गर्नुपर्नेछ । कति परिमाणमा रसिद प्रयोग भयो सोको विवरण चौमासिक रुपमा यस कार्यालयमा बुझाउनुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको जानकारी वा सूचना आएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

८. विगतका वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बाँकी रहेका व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरेसम्म र पेश्कि/बेरुजू बाँकी रहँदा सम्म दरभाउपत्रमा भाग लिन पाउने छैनन् । त्यस्तो कर चुक्ता बाँकी रहेका पेश्कि/बेरुजू बाँकी रहेका व्यक्ति वा फर्मले दरभाउपत्र पेश गरेमा दरभाउपत्रलाई मुल्याङकनमा समावेश गरिने छैन ।

९. बन्द, हड्ताल, विपत्ति, वा कुनै पनि कारणले कर/शुल्क संकलन गर्न नपाएको भनि मिनाहाको माग दावी पाईने छैन । नगरपालिकामा जम्मा हुन आएको आय फिर्ता हुने छैन ।

१०. प्राप्त दरभाउपत्रहरु स्वीकृत गर्ने/नगर्ने वा आंशिक रुपले स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. धरौटि रकम ठेक्का अवधि समाप्त भएपछि फिर्ता दिईनेछ र सो रकम लिनका लागि सम्वन्धित निकायमा तिर्न बुझाउन बाँकी कर/शुल्क बाँकि रकम बुझाएको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

१२. नगरपालिकाबाट समय समयमा गरिएका निर्देशनहरुको दरभाउपत्रदाताले पालना गर्नुपर्नेछ। सूचनामा उल्लेखित शर्तहरु र नगरपालिकाबाट गरिएका निर्देशनहरु उल्लघंन गरेमा दरभाउपत्रदाताको धरौटी रकम जफत गरी ठेक्का समेत नरहने गरी कानून बमोजिम कारवाही गर्न सकिनेछ ।

१३. दरभाउपत्रदाताले कर शुल्क संकलन गर्ने कर/ शुल्कको दररेट र क्षेत्र कार्यालयले सम्झौतामा तोके बमोजिम हुनेछ ।

१४. अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ ।

..............................

बाबुराम बराल
नि.प्रमुख प्रशासकीय अधिकृत